**विहादी गाउँपालिका**

**स्थानीय राजपत्र**

| **खण्ड ७** | **संख्या ३** | **मिति २०८०।१०।१२** |
|---|---|---|


# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०८० सालको कार्यविधि संख्या ३

# सुत्केरी संग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०८०

नेपालको संबिधानद्वारा प्रदत्त आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने, महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्वन्धि हकको सम्मान, संरक्षण र प्रवर्धन गर्नको लागिको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन, आमा तथा शिशुको स्वास्थ्य तथा पोषण अवस्थालाई सुदृढ गर्न र सबै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्था सम्म गर्भ जांच र सुरक्षित प्रसुतीको लागि यातायात खर्चमा सहज पुर्याउन विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियामित गर्ने), २०७५ को दफा ४ वमोजिमको अधिकार प्रयोग गरि सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा (३ )को उपदफा (६) तथा दफा २३ को उपदफा (१) को अधिकार प्रयोग गरि सुत्केरी संग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि २०८० बनाईएको छ। यो निर्देशिका विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट आ. व. २०८०/०८१ श्रावण १ गते देखि लागु हुने गरि स्वीकृत गरिएको छ ।

विहादी गाउँपालिका

# सुत्केरी संग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०८०

**<u>पहिलो संशोधन २०८२।०१।०४</u>**

## <u>प्रस्तावना</u>

**<u>पृष्ठभुमि</u>** : नेपालको संबिधानद्वारा प्रदत्त आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने, महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्वन्धि हकको सम्मान, संरक्षण र प्रवर्धन गर्नको लागिको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन, आमा तथा शिशुको स्वास्थ्य तथा पोषण अवस्थालाई सुदृढ गर्न र सबै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्था सम्म गर्भ जांच र सुरक्षित प्रसुतीको लागि यातायात खर्चमा सहज पुर्याउन विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियामित गर्ने), २०७५ को दफा ४ वमोजिमको अधिकार प्रयोग गरि सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा (३ )को उपदफा (६) तथा दफा २३ को उपदफा (१) को अधिकार प्रयोग गरि सुत्केरी संग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि २०८० बनाईएको छ। यो निर्देशिका विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट आ. व. २०८०/०८१ श्रावण १ गते देखि लागु हुने गरि स्वीकृत गरिएको छ।

१. **<u>परिचय</u>** : सुत्केरी अवस्था भनेको बच्चा जन्मे देखि ४२ दिन सम्मको अवस्थालाई भनिन्छ । महिला गर्वभति भएदेखि बच्चा २ वर्ष नहुन्जेलसम्मको समयावधि लाई सुनौलो १००० दिन पनि भनिन्छ । यस अवस्थामा बच्चाको ८० प्रतिशत दिमागको विकास यहि सुनौलो १००० दिन भित्र भईसक्छ र यस अवधिमा गर्भवती महिला, सुत्केरी आमा र २ वर्ष मुनिका बच्चाको पोषिलो खाना, सरसफाई र राम्रो स्याहार तथा हेरविचार गर्नाले पछि गएर बच्चाको काम गर्न सक्ने तथा सिक्ने क्षमतामा राम्रो प्रभाव पर्दछ । यस समयमा शारीरिक र मानसिक वृद्धिमा परेको क्षति जीवन पर्यान्त असर पुर्याउने र सुधार गर्न नसकिने खालको हुन्छ त्यसैले यहि असरहरुलाई समयमै गरिएको सावधानीले बालबालिकालाई पटक-पटक बिरामी हुनबाट रोकी बलियो र फुर्तिलो बनाऊदछ । यसर्थ नियमित गर्भ जाँच, संस्थागत सुत्केरी र मातृ तथा नवशिशुको पोषण अवस्थाको सुदृढ गर्नुको हेतु सुत्केरी संग उपाध्यक्ष कार्यक्रमले मद्दत पुर्याउने अपेक्षाका साथ यो कार्यविधि तयार गरिएको छ।

२. **<u>उद्देश्य :</u>**

२.१. मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्न ।

२.२. सुत्केरी आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र संस्थागत सुत्केरी सेवा लिनको लागि आभिप्रेरित गर्न ।

२.३. मातृ शिशु स्वास्थ्यमा सामुदाय र स्थानिय स्वास्थ्य संस्था बिच सहकार्य बढाउन ।

२.४. नवजात शिशु तथा मातृ मृत्युदर घटाउन र गलत सामाजिक अभ्यास, कुरितिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन ।

२.५. गरिब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गका महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न ।

२.६. प्रजनन स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सबैको अधिकार भएको कुरा सामुदायको लक्षित वर्गसम्म जानकारी गराउन तथा उनीहरुलाई यसको बारेमा सचेत गराउन ।

३. **<u>कार्यक्रम संचालन गरिने स्थान :</u>** विहादी गाउँपालिका अन्तर्गतका ६ वटै वडामा संचालन गरिनेछ ।

४. **<u>प्रोत्साहन वापत रकम प्रदान गर्न सकिने आधारहरु</u> :**

४.१ यो कार्यक्रम हरेक आर्थिक वर्षको श्रावण १ गते देखि अषाढ मसान्त भित्र नेपाल सरकारबाट स्वीकृती प्राप्त स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने आमाहरुको हकमा मात्र लागु हुनेछ ।

४.२ विहादी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ । नेपालको अन्य कुनै जिल्लाबाट बसाई सराई गरि आएका नेपाली नागरिकको हकमा बसाई सराई भएको कागजात हुनुपर्नेछ ।

४.३ यो कार्यक्रममा सहभागी हुन विहादी गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुवाट गर्भवती / प्रसुती जाँच गराएका एबं संस्थागत सुत्केरी भएका महिलाहरुको प्राप्त विवरण वमोजिम समावेश गराईनेछ ।

४.४ यो कार्यक्रम संस्थागत सुत्केरी बाहेक अन्यको हकमा लागु हुने छैन ।

४.५ विहादी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रेषण / आकस्मिक प्रेषण भएको खण्डमा पनि यो सुविधा लागु हुने छ तर प्रेषण संग सम्वन्धित सबै कागजात आवश्यक पर्नेछ ।

४.६ विहादी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रेषण नभई पालिका बाहिर सुत्केरी हुनेहरुको सन्दर्भमा यो सुविधा लागु हुने छैन ।

५. **<u>आवश्यक कागजातहरु</u> :**

५.१. सुत्केरी महिलाको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा विहादी गाउँपालिका भन्दा अन्यत्रको नागरिकता भएमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि वा वडा कार्यालयको सिफारिस पत्र ।

विहादी गाउँपालिका

५.२. शिशुको वडाबाट प्रमाणित गरिएको जन्म दर्ता वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्र (Birth Certificate) को प्रतिलिपि ।

५.३. स्वीकृत सरकारी अस्पताल वा नेपाल सरकारबाट स्वीकृती प्राप्त स्वास्थ्य संस्थामा गर्भवती जांच गराएको कार्डको प्रतिलिपि ।

५.४. सुत्केरी महिलाको नेपाली नागरिताको प्रमाण पत्र नभएको खण्डमा बाबुको नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि र वडा कार्यालयको सिफारिस पत्र ।

५.५. अन्य जिल्लाबाट बसाई सराई गरि आएको भए बसाई सराई प्रमाण पत्रको प्रतिलिपि ।

५.६ अनुसूची १ बमोजिमको फारममा भरिएको निवेदन र सो निवेदनमा स्वास्थ्य संस्था प्रमुखको सिफारिस ।

५.७ विहादी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रेषण भएको भए प्रेषण पुर्जा अनिवार्य हुनु पर्नेछ ।

६. **<u>सुत्केरी संग उपाध्यक्ष कार्यक्रमको रकम प्रदान गर्ने तरिका :</u>** विहादी गाउँपालिकामा स्थायी बसोवास भई संस्थागत सुत्केरी भएका आमाहरुलाई सुत्केरीसंग उपाध्यक्ष कार्यक्रम अन्तर्गतको रू. ४०००/- मा १ प्रतिशत करकट्टी गरि जम्मा रु. ३९६०/- सुत्केरी यातायात तथा पोषण प्रवर्धन प्रोत्साहन खर्च रकम उपलब्ध गराइनेछ । यस कार्यक्रममा विहादी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख र नर्सिंग स्टाफ तथा विहादी गाउँपालिका अन्तर्गतका वडा अध्यक्ष, स्वास्थ्य चौकी प्रमुख, , नर्सिंग स्टाफ लगायतका अन्य जनप्रतिनिधिको रोहबरमा अनुसूची २ वमोजिमको भरपाई गरि वितरण गरिनेछ ।

७. **<u>पोषण प्रोत्साहन रकम पौष्टिक आहार किन्न खर्चिनु पर्ने :</u>**

विहादी गाउँपालिकाको कार्यालयले सुत्केरीसंग उपाध्यक्ष कार्यक्रम मार्फत उपलब्ध गरिएको रकमबाट संस्थागत सुत्केरी यातायात तथा स्थानीय स्तरमा प्राप्त पौष्टिक आहारमा अनिवार्य खर्च गर्नु पर्नेछ ।

८. **<u>विविध :</u>**

८.१ कार्यविधि संशोधन र परिमार्जन : आवश्यक परेको खण्डमा विहादी गाउँपालिका कार्यपालिकाको बैठकले कार्यविधि संशोधन र परिमार्जन गर्नेछ ।

८.२ अनुसूचीमा हेरफेर तथा थपघट : कार्यपालिकाले अनुसूची हेरफेर तथा थपघट गर्न सक्नेछ ।

८.३ कारवाही : यस कार्यविधि विपरीत विहादी गाउँपालिका क्षेत्र बहिरका महिलाको हकमा लागु गर्न / गराउन वा आदेश वा त्यस्तो सिफारिस गर्न सहयोग गरिने छैन ।

८.४ बाझिएमा : यस कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन एन २०७४ र अन्य प्रचलित कानुन संग बाझीएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

८.५ यसै बमोजिम हुने सुत्केरी संग उपाध्यक्ष कार्यक्रममा यस अघि वितरण गरिएको रकम समेत यसै निर्देशिका अनुसार वितरण भएको मानिने छ ।

## अनुसूची १

**सुत्केरी संग उपाध्यक्ष कार्यक्रमको भुक्तानीको लाभग्राहीको निवेदन र स्वास्थ्य संस्थाको सिफारीस**

विहादी गाउँपालिका,
विहादी गाउँकार्यपालिकाको कार्यालय
वहाकीठाँटी-४, पर्बत

**विषय: रकम भुक्तानी सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा म निवेदक विहादी गाउँपालिकाको संस्थागत सुत्केरी प्रोत्साहन गर्न " सुत्केरी संग उपाध्यक्ष कार्यक्रम " को खर्च प्राप्त गर्ने लाभग्राही हु । मैले उल्लेखित कार्यक्रमबाट प्राप्त रकम संस्थागत सुत्केरी यातायात तथा पोषिलो खानेकुरा व्यवस्थापन गर्नको लागि मात्र खर्च गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । मैले यसै प्रकृतिको सुविधा अन्य निकायबाट प्राप्त नगरेको स्व-घोषणा गर्दछु । अत मलाई मापदण्डमा उल्लेख भए अनुसारको रकम भुक्तानी गरिदिनुहुन तपशिल बमोजिमका कागजातहरु संलग्न गरि यो निवेदन पेश गरेकी छु ।

**तपशिल**

१. सुत्केरी महिलाको नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपि वा विहादी गाउँपालिका भन्दा अन्यको नागरिकता भएमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. संस्थागत सुत्केरी भएर discharge भएको प्रतिलिपि ।
३. शिशुको वडाबाट प्रमाणित गरिएको जन्म दर्ता वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्र (Birth Certificate ) को प्रतिलिपि ।
४. सुत्केरी महिलाको नेपाली नागरिकताको प्रमाण पत्र नभएको भए बाबुको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
५. अन्य जिल्लाबाट बसाई गरि आएको भए बसाई सराई प्रमाण पत्रको प्रतिलिपि ।
७. प्रेषण भएको खण्डमा प्रेषण पुर्जाको प्रतिलिपि ।

हस्ताक्षर
नाम थर :
ठेगाना :
फोन नं :

विहादी गाउँपालिका

उल्लेखित विवरणहरुको व्यहोरा साँचो रहेको हुनाले पेश भए बमोजिमको सुत्केरी संग उपाध्यक्ष कार्यक्रमको रकम भुक्तानीको लागि सिफारिस गर्दछु ।

सिफारिस गर्ने :

स्वास्थ्य संस्था प्रमुखको नाम थर : फोन नं :

पद : मिति :

हस्ताक्षर :

स्वास्थ्य संस्थाको छाप

बिछ्याँदी गाउँपालिका

## अनुसूची २

भरपाई दादै विहादी गाउँपालिकाको आ व ................. को वार्षिक स्वीकृत कार्यक्रम **"सुत्केरी संग उपाध्यक्ष कार्यक्रम"** मा हामी तपशिलमा उल्लेखित सुत्केरी महिलाहरुले तपशिल अनुसारको **सुत्केरी पोषण प्रोत्साहन खर्च** रु. ४०००/- मा १ प्रतिशत कर कट्टी गरि जम्मा रु ३९६०/- विहादी गाउँपालिकाका उपाध्यक्ष ज्यु वा प्रतिनिधिबाट तपशिल बमोजिमको रोहवरमा बुझिलिई भरपाई गरिलियौ ।

**स्थान :** **मिति :**

| क्र.स. | सुत्केरी महिलाको नाम, थर | स्थायी ठेगाना | सुत्केरी भएको संस्था | सुत्केरी भएको मिति | बुझीलिएको रकम | सुत्केरी महिलाको दस्तखत | रोहवर नाम | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

स्वास्थ्य संस्थाको छाप

प्रमाणित गर्ने स्वास्थ्य संस्था प्रमुखको दस्तखत :
नाम र पद :



विहादी गाउँपालिका